# स्वास्थ्य मन्त्रालयको यस्तो छ तयारी

राष्ट्रिय समाचार समिति
काठमाडौं, १३ जेठ

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारी नियन्त्रणका लागि मनसुनजन्य विपद् सुरु हुनुअघि नै आवश्यक पूर्वतयारी तथा रोकथामका लागि तयारी थालेको छ ।

वर्षायाममा विभिन्न संक्रमण, रोग तथा महामारीको सम्भावनालाई दृष्टिगत गरी स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले तयारी बैठक गरेर समयमै प्रतिकार्य तथा रोकथाम सम्बन्धमा छ वटा निर्णय भएको उनको निजी सचिवालयले जनाएको छ ।

विपद् प्रतिकार्य तथा महमामारी नियन्त्रणमा संलग्न स्वास्थ्य अधिकारीहरूसँग मंगलबार भएको बैठकमा मन्त्री पौडेलले स्वास्थ्य अधिकारीहरूलाई समस्या समयमा नै पहिचान गरेर तयारी गर्न निर्देशन दिए ।

मन्त्री पौडेलको निजी सचिवालयका अनुसार अब महामारी रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अनुसार सम्भावित महामारी हुने स्थानको पहिचान गरी सरसफाई र शुद्ध पानीको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तयारी गर्नेछ ।

साथै, शुद्ध पानीको प्रयोगका लागि स्थानीय तहसम्मै प्रभावकारी सूचना सामग्री सम्प्रेषणका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रले काम थाल्नेछ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सबै स्थानीय तहका द्रुत प्रतिकार्य समूहसँग भर्चुअल बैठक गरेर आवश्यक सूचना सङ्कलनका साथै तथा तयारी अघि बढाउनेछ ।

महाशाखाले सातै प्रदेशमा स्वास्थ्यजन्य विपद् नियन्त्रणका लागि तालिमप्राप्त व्यक्तिको विवरण अद्यावधिक गरेर आवश्यकताअनुसार खटाउने छ ।

यसैगरी, राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र तथा राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गरी आवश्यक तयारी थालिने छ ।

'सङ्क्रामक रोग ऐन, २०२०' लाई बदलिँदो परिस्थिति तथा आवश्यकताअनुसार संशोधन गर्न स्वास्थ्य सेवा विभागले एक साताभित्र आवश्यक तयारी गरेर मन्त्रालयमा पेस निर्णय बैठकले गरेको छ ।

# कलम सहकारीको वित्तीय प्रशिक्षण



आदर्श समाज
पोखरा, १३ जेठ

कलम बचत तथा ऋण सहकारी संस्था, पालिखेचोकद्वारा सहकारी शिक्षा तथा वित्तीय प्रशिक्षण भएको छ ।

पोखरा महानगरपालिका सहकारी समिति अध्यक्ष रविरमण तिवारीले सहकारीका सदस्यहरुलाई यस्ता तालिमले लाभान्वित बनाउने बताए । उनले कलम काठमाडौंपछि पोखरा नै सहकारीका समस्या धेरै रहेको ठाउँ रहेको बताउँदै समस्या समाधान गर्न सहकारी संघ लागिपरेको बताए ।

सहकारीका अध्यक्ष मनोहरि सापकोटाले सहकारीको मूल्य, मान्यता अनुसार कलम सहकारी चलेको बताउँदै सहकारीलाई अहिले थप व्यवस्थित रुपले सञ्चालन गरिएको बताए ।

सहकारीका पूर्व अध्यक्ष तथा सल्लाहकार अर्जुन पोखरेलले कलम सहकारीले प्रगति गरेकोमा खुशी प्रकट गर्दै आगामी दिनमा अझ प्रगति गर्दै जाओस् भन्दै शुभकामना दिए ।

अर्का सल्लाहकार ज्ञानबहादुर कार्की, पोखरा पुस्तक तथा स्टेशनरी व्यवसायी संघका अध्यक्ष गोविन्द गौतम, जिल्ला सहकारी संघका लेखा समिति संयोजक तथा लेखापरीक्षक रुद्रनाथ पौडेल, कार्यक्रमका प्रशिक्षक तथा पोखरा महानगर सहकारी समितिका सदस्य तथा सहकारी विज्ञ नारायण आचार्य लगायतले बोलका थिए ।

संस्थाका अध्यक्ष मनोहरि सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रमेशराज बरालले स्वागत र सचिव लालप्रसाद पाठकले संचालन गरे ।

सहकारीका शिक्षा समिति सदस्य रामचन्द्र पौडेलले सहकारीका सात सिद्वान्त वाचन गरे भने व्यवस्थापक सन्तोष लामिछानेले सहकारीको हालसम्मको वित्तीय अवस्थाबारे जानकारी गराए ।

# एक्मी इन्जिनियरिङलाई उपाधि

**काठमाडौं, १३ जेठ (आदर्श समाज)-** कोसी प्रोजेक्ट शो केसको उपाधि एक्मी इन्जिनियरिङले हात पारेको छ । काठमाडौंमा सम्पन्न फाइनलमा ९ टिमलाई पाखा लगाउँदै एक्मी इन्जिनियरिङ कलेजको एक्मी कोस्टरले उपाधि जितेको हो । कोशी प्रदेशको पर्यटन प्रवर्द्धनसँगै प्रवर्द्धनात्मक योजनाहरुको खोजी गर्न एलिसन हस्पिटालिटीले आयोजना गरेको कोसी प्रोजेक्ट शो केसको फस्ट रनरअप पुल्चोक इन्जिनियरिङ कलेजको फुल्चोक इयर फाइभ हुँदा सेकेण्ड रनरअप भने नेपाल इन्जिनियरिङ कलेजको एग्रो वस्ती भएको छ । उपाधि विजेताले एक लाख, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् भने फस्ट रनरअपले ५० हजार तथा सेकेण्ड रनरअपले २५ हजार नगद, ट्रफी, प्रमाणपत्र र विभिन्न उपहार समेत प्राप्त गर्नेछन् ।

# 'जन्ते बाख्रो' २३ जेठदेखि

**पोखरा, १३ जेठ (आदर्श समाज)-** सिमोश सुनुवार निर्देशित फिल्म 'जन्ते बाख्रो' यही २३ जेठदेखि प्रदर्शन हुँदैछ । चलचित्रको ट्रेलरसमेत सार्वजनिक भयो ।

देशको कला, संस्कृति र संस्कारको जीवन्त चित्रण गर्ने सशक्त माध्यममध्येको एक चलचित्रमार्फत हाम्रो सामाजिक मूल्यमान्यता, रीतिरिवाज, आदर्श र जीवनशैलीलाई उजागर गर्ने क्रम देखिएको छ । यसै सन्दर्भमा 'पार्टी प्यालेस' केन्द्रित विवाह भोजले बजार लिइरहको विद्यमान समयमा ग्रामीण जनजीवनसँग जोडिएको 'जन्ते बाख्रो' खुवाउने परम्परामा आधारित चलिचित्र निर्माण भएको छ । निर्देशक सुनुवारले नेपालको ग्रामीण समुदायमा प्रचलित कथावस्तुमा आधारित भई 'जन्ते बाख्रो' चलचित्र तयार गरेका हुन् । ट्रेलर सार्वजनिक गर्दै उनले विवाहमा बेहुलाका तर्फबाट जन्ती गएका पाहुनालाई बेहुली पक्षले बारी वा खुला ठाउँमा खुवाउने भोज संस्कारलाई चलचित्रमा प्रस्तुत गरिएको निर्देशक सुनुवारले स्पष्ट पारे । 'भुइँमा लहरै बसेका जन्तीलाई टपरी र दुनामा भोज खुवाउने यो मौलिक परम्परा अहिले गाउँघरबाट हराउँदै गएको छ । लोप हुन लागेको यही सुन्दर र जीवन्त परम्परालाई 'जन्ते बाख्रो'मार्फत दृश्यमा दस्तावेजीकरण गर्ने उद्देश्यसहित चलचित्र तयार पारेको छु । ग्रामीण क्षेत्रको मौलिक चालचलनलाई समेटेर चलचित्रको विषयवस्तु अगाडि बढेको छ । यसमा अन्य चलचित्र झैँ दर्शकले प्रशस्तै मनोरञ्जन प्राप्त गर्नुहुने विश्वास लिएको छु,' उनले भने । चलचित्रमा नेपाली ग्रामीण जीवनशैली र परम्परालाई रमाइलो ढङ्गले प्रस्तुत गरेकाले हाम्रा नयाँ पुस्ताका लागि मनोरञ्जनसहति जानकारी प्राप्त हुने उनले बताए ।

चलचित्रमा अभिनेता सौगात मल्ल, आशिफ शाह, गरिमा पन्त, रमा थपलिया, लोकेन्द्र लेखक, कमल देवकोटा, विशाल पहाडी, रुशा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतमलगायत कलाकारले अभिनय गरेका छन् ।

eAdarsha.com

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२।०२।११

कास्की जिल्ला मौजे कृष्तीमध्ये फोक्सिङ जफदी भण्डारी पट्टीका जि.मु. लोकनाथ अधिकारी जिम्मा झुत्ता ३० नं. दर्खास्तवाला मुक्ति बहादुर रायमाझी क्षेत्री का मञ्जुरी बमोजिम भानुभक्तसमेत मोहीको हाल मोही तारापती भण्डारी का हाल तारापती भण्डारी का भाइसमेत ६ (छ) मोहीका नाऊँमा । १० लागि १९८९ सालदेखि बाली आउने गरी दर्ता भएको भु.सु. ७ नं. फारम क्र.सं. १२ मा बाबु. तिलोचन भण्डारीले लगत दिएको २०३३ सालसम्मको मालपोत तिरो बाबु तिलोचन भण्डारीका नाऊँबाट तिरेको सर्भे नापीमा हुँदा कास्की फोक्सिङ शिवालय वडा नं. ८ का कि.नं. २६०, ३३२, २७०, ३०२ क्षे.फ. क्रमश: ४-४-२-१, १-१३-१-०, ५-०-०-१ र ०-१२-३-० भएका जग्गा फिल्डबुकमा देविलाल भण्डारीको नाउँमा कायम भएको देविलाल भण्डारीका नाऊँमा कि.का. भै दर्ता छुट हुन गएको मैले नै भोगचलन गर्दै आइरहेको मेरो नाउँमा रहेको उक्त जग्गाको हकदार म नै रहेको हुँदा मेरो नाउँमा छुट जग्गा दर्ता गरी पाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २१ बस्ने देवीलाल भण्डारीले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

**तपसिल:**

| जिल्ला | गाविस/नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | फोक्सिङ शिवालय | ८ | २६० | ४-४-२-१ | खर | चाहार | देविलाल भण्डारी |
| | | | ३३२ | १-१३-१-० | मकै | सिम | |
| | | | २७० | ५-०-०-१ | मकै | दोयम | |
| | | | ३०२ | ०-१२-३-० | पर्ति | सिम | |

ईति संवत् २०८२ साल जेठ ११ गते रोज १ शुभम् ।

सेफ्टी टंकी तथा पानी टंकी सफा गर्नुपरेमा
सम्पर्क
०६१-५९१६२१
९८०२८५२७७५
९७०८०८०३१०
९७०८०८०३२०

आदर्श समाजको ग्राहक दर

| विवरण | शुल्क |
|---|---|
| वार्षिक | २४००- |
| अर्धवार्षिक | १४००- |


## धितोमा रहेको अचल सम्पत्तिको डाँक बढाबढ मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२ जेठ १४ गते

यस सृजना महिला बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-८ बाट तपशिल उल्लेखित ऋणी सदस्यले अचल सम्पत्ति धितो राखी ऋण लिनुभएकोमा कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम भाखा म्यादभित्र बुझाउनुपर्ने किस्ता (साँवा, व्याज) नतिरि नबुझाई रकम बाँकी नै राखी उक्त कर्जा लिदा गरिएको कर्जा सम्वन्धी शर्त सम्झौता उल्लंघन गर्नु भएको र पटक-पटक मौखिक एवं लिखित ताकेता तथा राष्ट्रिय दैनिक पत्रिका समाधानमा प्रथम पटक प्रकाशित मिति २०८१/०८/१८ गते ३५ दिने, दोश्रो पटक प्रकाशित मिति: २०८१/०९/२३ गते ३५ दिने तेस्रो पटक प्रकाशित मिति २०८१/१०/०८ गते ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत किस्ता (साँवा, व्याज) नतिरी नबुझाई आलटाल गर्नुभएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल अनुसारको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोहि अवस्थामा सहकारी ऐन २०७४, तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली २०७६, यस संस्थाको विनियम, भाखा नाघेको ऋण असुली मिति २०८१ ले दिएको अधिकार तथा प्रचलित कानून तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरि डाँक बढाबढका लागि समय तोकी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । लिलाम बढाबढमा कोही पनि भाग लिन नआएमा कानून बमोजिम धितो संस्थाको नाममा ल्याई लिलाम बिक्री गरी कर्जा असुली गरिने भएकोले तपशिलमा लेखिएका शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित गरिन्छ । तपशिलमा लेखिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत ईच्छुक खरिदकर्ता वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, संचालक, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई दोस्रो पटक सुचित गरिएको छ । उक्त दिन ऋणी तथा धनजमानी अनुपस्थित रहेमा पनि डाँक बढाबढगरी धिताको लिलाम बिक्रीको प्रक्रिया गर्न कुनै बाधा पुग्ने छैन । साथै, ऋण असुलिको कारवाही अन्तर्गत ऋणी, धन जमानी दिनुहुने सम्वद्ध सवैलाई कालो सुचिमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणीको अन्य सम्पत्तिबाट सो पनि नभएमा वा नपुगेमा धन जमानी दिनेको सम्पत्तिबाट प्रचलित कानून वमोजिम कारबाही गरि असुल उपर गरि लिईने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सवैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम विक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र संस्थामा सम्पर्क राखि यथाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

| ऋणीको नाम र ठेगाना | धनजमानीको नाम र ठेगाना |
|---|---|
| **१) ऋणीको नाम : पवित्रा कुमारी क्षेत्री**<br>ना. प्र. नं : ५५६१०<br>जारी मिति : २०६३/०६/२६<br>बुवा : गणेश बहादुर क्षेत्री<br>पति/पत्नी : विष्णु कुँवर<br>ससुरा/बाजे: रुप बहादुर कुँवर<br>स्थायी ठेगाना : राम्जादेउराली ५, पर्वत<br>हालको ठेगाना: पोखरा-१८, आर्दश बस्ती | **१) नाम : विष्णु कुँवर**<br>ना प्र.नं. : २९६२६<br>जारी मिति : २०५६/०४/२३<br>बाजेको नाम : बल बहादुर कुंवर<br>बुवा : रुप बहादुर कुँवर<br>पति/पत्नी: : पवित्रा कुमारी क्षेत्री<br>स्थायी ठेगाना : वांग्रे-७, लमजुङ<br>हालको ठेगाना : पोखरा-१८, आदर्श बस्ती |
| **धितोको विवरण :**<br>श्री पवित्रा कुमारी क्षेत्रीको नाममा मालपोत कार्यालय, तनहुँमा दर्ता श्रेस्ता कायम रहेको साविक तनहुँ जिल्ला बन्दीपुर-३ (हाल बन्दीपुर-२) को कि.नं. ४० को क्षेत्रफल ४-१४-१-०/२४८८.०६ व.मि. रहेको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलिगापातसमेत पञ्चकृत मूल्य रु. १९,५६,०००।- (अक्षरुपी उन्नाइस लाख छपन्न हजार रुपैयाँ मात्र) | **(२) नाम : तिर्थ कुमारी क्षेत्री**<br>ना. प्र. नं : १२६९०<br>जारी मिति : २०५२/१२/०१<br>बुवा : गणेश बहादुर क्षेत्री<br>पति/पत्नी: सन्त बहादुर उचै<br>ससुरा/बाजे : अमर बहादुर उचै<br>स्थायी ठेगाना : राम्जादेउराली ५ पर्वत<br>हालको ठेगाना : पोखरा-८, सृजनाचोक |

**लिलाम विक्रीको शर्त तथा बन्देजहरू:**

१) डाँक लिलाम मिति २०८२/०२/२८ गते हुने भएकोले सृजना महिला बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-८ सिमलचौरमा दिनको १२ बजेबाट २ बजेसम्म डाँक लिलाम बोलकबुल गर्न सकिनेछ । तोकिएको दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ ।
२) लिलाम डाँक बढाबढ भाग लिन ईच्छुक व्यक्ति वा संस्थाले आधिकारिक परिचय पत्र सहित उपस्थित हुन पर्नेछ । संगठित संस्थाको हकमा दर्तासँग सम्बन्धित आवश्यकीय कागजात सहित उपस्थित हुनु पर्नेछ ।
३) धितो सम्पत्तिको पञ्चकृत मुल्यलाई न्युनतम आधारमानि डाँक लिलाम बढाबढ हुने छ । डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकवुल गर्नेलाई डाँक लिलाम सकार गराईनेछ ।
४) धितो लिलाम बढाबढमा अन्तिम पटक सबै भन्दा बढी रकम कवुल गर्ने व्यक्ति वा संस्थाले आफूले कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको खातामा तत्काल नगद जम्मा गर्नुपर्नेछ । बाँकी रकम ७ दिनभित्र दाखिला गर्नु पर्नेछ । लिलाम सकार गर्नेले सकार गरेको पुरा रकम संस्थाले तोकेको समयभित्र बुझाए पश्चात नामसारीको प्रक्रिया अघि बढाईनेछ । ७ दिनभित्र बाँकी रकम दाखिला गर्न नसके लिलाम भएको दिन दाखिला भएको १० प्रतिसत रकम जफत गरी पुन डाँक लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ ।
५) ईच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे अवस्थामा छ सोही अवस्थामा खरिद गर्नु पर्नेछ । यद्यपि, खरिदकर्ताले लिलाम बिक्री हुने उक्त धितोको स्थलगत निरक्षण गर्न चाहेमा संस्थामा सम्पर्क गर्न सकिनेछ ।
६) उक्त लिलामा राखेको सम्पत्ति स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, राजस्व, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र अन्य दायित्व सकार गर्ने व्यक्ति वा सकार गर्ने संस्थाले व्यर्होन पर्दछ । स्वामित्व हस्तान्तरण सहकारी ऐन तथा नियमावली तथा प्रचलित कानूनको आधारमा हुनेछन् । ऋण रकम तथा ऋणसँग सम्बन्धित अन्य सम्पूर्ण जानकारी संस्थाबाट लिन सकिनेछ
। डाँक बढाबढ हुनु पूर्व कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने अधिकार संस्थामा सुरक्षित हुनेछ )८

**सृजना महिला बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-८, सिमलचौर, फोन नं. ०६१-५७१८३२

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १४ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय नदिपुरबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : टर्म फ्लेक्जी व्यावसायिक कर्जा**

**ऋणीको विवरण**

नाम : **मुस्कान सुस्मा टेलर्स** प्रोप्राइटरको नाम : शुष्मा ताम्राकार प्रा.फ.नं.घ.उ.वि. : १९१८२/०७७/०७८
दर्ता रहेको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कास्की
ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३ स्थायी लेखा नं. : ६१५१०४०५६

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गुरुङ्ग परियारको छोरी शोमलाल ताम्राकारको बुहारी सेते ताम्राकारको पत्नी कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. ३ हाल, पोखरा म.न.पा वडा नं. ३ बस्ने **शुष्मा ताम्राकार** (ना.प्र.नं. : १५५८५६ जारी मिति र जिल्ला : २०६१/१२/१९, कास्की)

२) शोमलाल ताम्राकारको नातिनी सेते ताम्राकारको छोरी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३ बस्ने **मुस्कान ताम्राकार** (ना.प्र.नं. : ४६-०१-७७-०१८२४, जारी मिति र जिल्ला : २०७७/०८/१८, कास्की)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०४/३२ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| शुष्मा ताम्राकार | कास्की जिल्ला मट्टिखान वडा नं. ७ | ०९३१०३६ | १०१७ | ०-११-२-१ |

**२) कर्जा शीर्षक : आवास तथा साधारण कर्जा**

**ऋणीको विवरण**

नरबहादुर सार्कीको छोरी हिरे सार्कीको बुहारी झमाने सार्कीको पत्नी तनहुँ जिल्ला माझकोट गा.वि.स. वडा नं. ९ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ११ बस्ने **सुमित्रा नेपाली** (ना.प्र.नं. : ४३१०४५/१०९४१७ जारी मिति र जिल्ला : २०६५/०७/०६, तनहुँ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गोरे सार्कीको नाति हिरे सार्कीको छोरा तनहुँ जिल्ला माझकोट वडा नं. ९ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ११ बस्ने **झमाने सार्की** (ना.प्र.नं. : ३१३५५ जारी मिति र जिल्ला : २०५५/०५/२१, तनहुँ)

२) गोरे सार्कीको नाति हिरे सार्कीको छोरा तनहुँ जिल्ला माझकोट गा.वि.स. वडा नं. ९ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ११ बस्ने **विलिभ नेपाली** (ना.प्र.नं. : ४३१०४५/१०४५४२ जारी मिति र जिल्ला : २०६४/१०/२९, तनहुँ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०७/१४ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| सुमित्रा नेपाली | कास्की जिल्ला भोटेपोखरी वडा नं. ९ | ०९४११६५ | ३९७३ | ०-३-३-३ |
| | | | ३९७० | १-८-०-० |

**३) कर्जा शीर्षक : व्यापारिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **एस आचार्य लाइट सप्लायर्स** प्रोप्राइटर : सुजन आचार्य प्रा.फ.र.नं. : ६४६९/०६९/०७०
दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग दर्ता मिति : २०६९/०९/१९
फर्मको ठेगाना : कास्की जिल्ला पोखरा वडा नं. १ स्थायी लेखा नं. : ३०५५९४५९०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) धनपति आचार्यको नाति मोतीलाल आचार्यको छोरा कास्की जिल्ला अर्मला वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. १ बस्ने **सुजन आचार्य** (ना.प्र.नं. : ४६१०१४/११५६ जारी मिति र जिल्ला : २०६८/०८/२६, कास्की)

२) जीवनाथ आचार्यको नाति धनपति आचार्यको छोरा कास्की जिल्ला अर्मला वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. १ बस्ने **मोतीलाल आचार्य** (ना.प्र.नं. : ३५२२ जारी मिति र जिल्ला : २०४९/०९/१५, कास्की)

३) तारापति लामिछानेको छोरी धनपति आचार्यको बुहारी मोतिलाल आचार्यको पत्नी कास्की जिल्ला अर्मला वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. १ बस्ने **गुमा देवी आचार्य** (ना.प्र.नं. : १७५२०२ जारी मिति र जिल्ला : २०६३/०९/१३, कास्की)

४) धनपति आचार्यको नातिनी मोतिलाल आचार्यको छोरी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १६ हाल, वडा नं. १ बस्ने **सपना आचार्य** (ना.प्र.नं. : ४६-०१-७७-०११९३ जारी मिति र जिल्ला : २०७७/०६/२८, कास्की)

५) धनपति आचार्यको नातिनी मोतिलाल आचार्यको छोरी कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. १६ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १ बस्ने **हरिमाया आचार्य** (ना.प्र.नं. : ४६-०१-७४-०६०१०जारी मिति र जिल्ला : २०७४/०७/२६, कास्की)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/०१/०७ को आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :**निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| गुमा देवी आचार्य | तनहुँ जिल्ला फराकचौर वडा नं. ५ | ५क | ७८६ | १६-०-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/०३ गते मंगलबार यस बैंकको शाखा कार्यालय नदिपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/०४ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय नदिपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ